

# बाइबल
# र लुथरनहरूले
# के सिकाउँछन्

# बाइबल र लुथरनहरुले के सिकाउँछन्

-हारोल्ड ए एसमन

झण्डै ५०० बर्ष अगाडी खीष्टियान मण्डली धेरै झुटा शिक्षाहरुले भ्रष्ट भएको थियो । मार्टिन लुथर नाउँ गरेका परमेश्वरका दासले मानिसहरुलाई बाइबलका शिक्षाहरुमा फर्किन अगुवाई गरे । उनी र उनका मित्रहरुले गरेको त्यो कामको नाउँ “सुधार” भनिन्छ । लुथरको माध्यमबाट परमेश्वरले मण्डलीलाई सिद्धान्तको शुद्धता र खीष्टमा नयाँ जीवनमा पुर्नस्थापना गर्नुभयो ।

लुथरन चर्चका सिद्धान्तहरु नयाँ होइनन् । तिनीहरु बाइबलका शिक्षाहरु हुन् । त्यसकारण लुथरन चर्च नयाँ चर्च होइन ।

यो सम्प्रदाय वा दर्शन होइन ।

यो मण्डली हो जसको शिक्षाहरु पुरानो करारका अगमवक्ताहरु र नयाँ करारका प्रेरितहरुद्धारा लेखिएका वचनहरुमा आधारित छन् । बाइबलले हामीलाई येशू खीष्टको बारेमा बताउँछ ।

लुथरन चर्चका शिक्षाहरु मौलिक, प्रेरितहरुका शिक्षा, त्यसबेलाका मण्डली र शुरुका खीष्टियानहरुको शिक्षा जस्तो थियो त्यस्तै छन् ।

यो पुस्तिकाले तपाईहरुलाई बाइबल र लुथरन मण्डलीले के सिकाउँछ भन्ने बताउँछ ।

# बाइबल

बाइबल र लुथरनले बाइबल परमेश्वरको सत्य वचन हो भनी बताउँछन् । यो पवित्र आत्माबाट प्रेरणा पाएर लेखिएको थियो । यसको अर्थ परमेश्वरले लेखकहरुलाई लेख्नुपर्ने ठीक विचारहरु र शब्दहरुद्धारा सास फेर्नुभयो भन्ने हुन्छ । त्यसको परिणाम बाइबलका सबै विवरण सत्य छन् । बाइबलको एक भागले अर्को भागको स्पष्टिकरण दिन्छ । यो विश्वास र ख्रीष्टियानहरुको जीवनको लागि एउटै मात्र मार्ग दर्शक रेखा हो । हामीले यसलाई लगनशील भएर पढ्नु र अध्ययन गर्नुपर्छ । यसले हामीले हाम्रो अनन्त मुक्तिको लागि हामीलाई चाहिने सबै कुरा थाहा पाउन स्पष्टसँग सिकाउँछ ।

**२ पत्रुस १:२१** पवित्र आत्माबाट प्रेरणा पाएर मानिसहरुले परमेश्वरको तर्फबाट बोलेका हुन् ।

**१ कोरिन्थी २:१३** जुन कुरा हामी प्रचार गर्छौं, ती कुरा मानिसहरुको बुद्धिले सिकाएका शब्दहरुमा होइन, तर पवित्र आत्माले सिकाउनुभएअनुसार ....

**२ तिमोथी ३:१६** सम्पूर्ण पवित्र-शास्त्र परमेश्वरको प्रेरणाबाट भएको हो ।

**यूहन्ना १०:३५** धर्मशास्त्र भङ्ग हुन सक्दैन ।

**२ तिमोथी ३:१५** तिमी बाल्यकालदेखि पवित्र-धर्मशास्त्रसँग परिचित छौ, जसले ख्रीष्ट येशूमा भएको विश्वासद्धारा मुक्तिको निम्ति तिमीलाई शिक्षा दिनसक्छ ।

**लुका ११:२८** बरु तिनीहरु धन्य हुन, जसले परमेश्वरको वचन सुन्छन् र पालन गर्छन् ।

**यूहन्ना ५:३९** तिमीहरु धर्मशास्त्रमा खोजी गर्दछौ, किनभने त्यहाँ अनन्त जीवन पाइन्छ भनी तिमीहरु ठान्छौ । मेरो विषयमा गवाही दिने ती नै धर्मशास्त्र हुन् ।

# त्रिएक परमेश्वर

बाइबल र लुथरनले सिकाउँछन्: एक मात्र सत्य परमेश्वर हुनुहुन्छ, परमेश्वर अदृश्य, पवित्र, अनन्त, र सबै शक्ति र बुद्धि भएको हुनुहुन्छ। बाइबलमा परमेश्वरले आफैलाई तीन व्यक्तित्वको रुपमा प्रकट गर्नुभएको छ - पिता, पुत्र र पवित्र आत्मा। त्यसकारण उहाँलाई त्रिएक भनिएको हो । परमेश्वरमा भएका यी तीनै व्यक्तित्वहरु परमेश्वर हुनुहुन्छ । उहाँहरु शक्ति, महिमा र अरु सबै गुणहरुमा बराबर हुनुहुन्छ । एउटा व्यक्तित्वलाई इन्कार गर्नु चाहिँ सबै व्यक्तित्वलाई इन्कार गर्नु हो । उहाँ परमेश्वर हुनुहुन्छ जसले हामीलाई सृजनुभयो, छुटाउनुभयो र पवित्र पार्नुभएको छ ।

**व्यवस्था ६:४** हे इस्राएल, सुन, परमप्रभु हाम्रा परमेश्वर एउटै परमप्रभु हुनुहुन्छ ।

**मत्ती २८:१९** जाओ र सबै देशका जातिहरुलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरुलाई बप्तिस्मा देओ ।

**यूहन्ना ५:२३** पुत्रको आदर नगर्नेले उसलाई पठाउनुहुने पिताको पनि आदर गर्दैन ।

**उत्पत्ति १:१** आदीमा परमेश्वरले आकाश र पृथ्वी सृष्टि गर्नुभयो ।

**१ यूहन्ना २:२** उहाँ हाम्रा पापका निम्ति प्रायश्चित हुनुहुन्छ, र हाम्रा निम्ति मात्र होइन, तर सारा संसारका पापका निम्ति पनि ।

**रोमी १५:१३** आशाका परमेश्वरले तिमीहरुलाई विश्वासद्धारा सम्पूर्ण आनन्द र शान्तिले भरिपूर्ण गरिदिऊन्, यस हेतुले कि पवित्र आत्माको शक्तिले तिमीहरु आशामा प्रशस्त हुन सक ।

# मानिस र स्त्री

बाइबल र लुथरनहरुले सिकाउँछन्: मानिस र स्त्री परमेश्वरका विशेष सृजना हुन् । पहिलो मानिस पृथ्वीको धुलोबाट बनेको थियो । पहिलो स्त्री मानिसको करङ्गबाट बनेकी थिइन् । तिनीहरु परमेश्वरका प्रतिरुपमा बनेका थिए । यसको अर्थ तिनीहरुसित पाप थिएन र परमेश्वरको पूर्ण ज्ञान थियो । त्यो प्रतिरुप आदम र हव्वाले पहिलोचोटी पाप गरेपछि नाश भयो । मानिसहरुसित आत्मा हुन्छ जुन अरु कुनै प्राणीसँग हुँदैन । परमेश्वरले हामीलाई उहाँका सबै सृष्टिमाथि प्रभुत्व गर्न दिनुभएको छ । मानिस जातिसँग यो जीवनको काम गर्न स्वतन्त्र इच्छा छ । तर पवित्र आत्माले मात्रै परमेश्वरको वचनद्धारा, मानिसलाई परमेश्वरलाई प्रेम गर्ने बनाउन सक्छ ।

**उत्पत्ति २:७** तब परमप्रभु परमेश्वरले भुमिको माटोबाट मानिस बनाउनुभयो, र तिनको नाकमा जीवनको सास फुकिदिनुभयो र मानिस जीवित प्राणी भए ।

**उत्पत्ति २:२२** जुन करङ्ग परमप्रभु परमेश्वरले मानिसबाट निकाल्नुभएको थियो, त्यसबाट एउटी स्त्री बनाएर मानिसकहाँ ल्याउनुभयो ।

**उत्पत्ति १:२६** परमेश्वरले भन्नुभयो, "मानिसलाई हाम्रो आफ्नै स्वरुपमा, हाम्रै प्रतिरुपमा बनाऔं । तिनीहरुले अधिकार गरुन् ।"

**एफिसी ४:२४** परमेश्वरको स्वरुपमा साँचो धार्मिकता र पवित्रतामा सृष्टि भएको नयाँ स्वभावलाई धारण गर ।

**कलस्सी ३:१०** नयाँ स्वभाव धारण गरेका छौ, जो आफ्नो सृष्टिकर्ताको रुपअनुसार ज्ञानमा नयाँ भइरहेको छ ।

**१ कोरिन्थी २:१४** जो मानिस आत्मिक छैन, त्यसले परमेश्वरका आत्माका कुराहरु ग्रहण गर्दैन । किनकि ती कुराहरु त्यसका निम्ति मूर्खता हुन्छन् ।

# पिता परमेश्वर

बाइबल र लुथरनहरुले सिकाउँछन्: परमेश्वर पिता चाहिँ तीन व्यक्तित्वहरुमा एक व्यक्तित्व हुनुहुन्छ जो त्रिएक परमेश्वर हुनुहुन्छ । परमेश्वर आत्मा हुनुहुन्छ । यसको अर्थ उहाँ देखिनुहुन्न र एकै ठाउँमा मात्र सिमित पनि हुनुहुन्न । उहाँलाई पिता भनिन्छ किनभने उहाँ येशू ख्रीष्टको र येशूलाई विश्वास गर्ने सबैका पिता हुनुहुन्छ । उहाँले सबै थोक सृष्टि गर्नुभयो । उहाँ पवित्र, प्रेमी र न्यायी हुनुहुन्छ । उहाँले सबै सृष्टि र सबै मानिस जातिको निरन्तर वास्ता गर्नुहुन्छ ।

**मत्ती २८:१९** जाओ, र सबै देशका जातिहरुलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरुलाई बप्तिस्मा देओ ।

**यूहन्ना ४:२४** परमेश्वर आत्मा हुनुहुन्छ ।

**यूहन्ना २०:१७** येशूले भन्नुभयो, मेरा पिता र तिमीहरुका पिता, र मेरा परमेश्वर र तिमीहरुका परमेश्वरकहाँ गइरहेछु ।

**लेबी १९:२** परमप्रभुले मोशालाई भन्नुभयो,"... तिमीहरु पवित्र होओ, किनभने म, पर मप्रभु तिमीहरुका परमेश्वर पवित्र छु । "

**मलाकी २:१०** हामी सबैका एउटै पिता हुनुहुन्न र ? के एउटै परमेश्वरले हामीलाई सृष्टि गर्नुभएको होइन र ?

**प्रस्थान ३४:६, ७** परमप्रभु टिठयाउनमा भरिपूर्ण र दयालु परमेश्वर, जो क्रोध गर्नमा ढीलो, र प्रेम र विश्वस्ततामा प्रशस्त हुनुहुन्छ । उहाँले हजारौं हजारमाथि कृपा देखाउनुहुन्छ, र दुष्टता, विद्रोह र पाप क्षमा गर्नुहुन्छ । तर उहाँले दोषीलाई कुनै किसिमले पनि सजाय दिनुहुन्छ । पिता पुर्खाका दुष्टताको दण्ड तिनीहरुका छोराछोरी, नातिनातिना, र तेस्रो र चौथो पुस्तासम्म दिनुहुन्छ ।

**रोमी ८:३२** जसले आफ्नै निज पुत्रलाई बाँकी राख्नुभएन, तर हामी सबैका निम्ति उहाँलाई दिनभयो, के उहाँले हामीलाई सबै थोक पनि उहाँकै साथमा दिनुहुनेछैन ?

# सृष्टि

बाइबल र लुथरनले सिकाउँछन्: आदीमा परमेश्वरले आकाश र पृथ्वी सृष्टि गर्नुभयो । उहाँले यो काम छ दिनमा गर्नुभयो । उहाँले सबै कुरा सृष्टि गर्नलाई आफ्नो सर्वशक्तिशाली वचन प्रयोग गर्नुभयो । उहाँले शुन्यवाट नै सबैथोक सृष्टि गर्नुभयो । अनि मानिस र स्त्री उहाँका विशेष सृष्टि हुन् ।

**उत्पत्ति १:१** आदीमा परमेश्वरले आकाश र पृथ्वी सृष्टि गर्नुभयो ।

**उत्पत्ति १:३१** आफूले बनाउनुभएको हरेक कुरा परमेश्वरले हेर्नुभयो र त्यो साह्रै राम्रो थियो । साँझ पऱ्यो र बिहान भयो छैटौं दिन

**प्रस्थान २०:११** किनकि छ दिनमा परमप्रभुले आकाश, पृथ्वी, समुद्र र तिनमा भएका सबै थोक बनाउनुभयो, तर सातौं दिनमा चाहिँ विश्राम गर्नुभयो ।

**भजनसंग्रह ३३:६,९** परमप्रभुका वचनले  आकाशहरु निर्माण भए, र उहाँकै मुख सासले त्यहाँका ग्रह-नक्षत्र । उहाँले समुद्रको पानीलाई जम्मा गरेर एक थुप्रो पार्नुहुन्छ । उहाँले गहिरा सागरहरुलाई आफ्ना ढुकुटीमा राख्नुहुन्छ ।

**भजनसंग्रह १२४:८** हाम्रो गोहार स्वर्ग र पृथ्वी सृजना गर्नुहुने परमप्रभुको नाउँमा छ ।

**मर्कुस १०:६** तर सृष्टिको आरम्भदेखि परमेश्वरले तिनीहरुलाई नर र नारी गरी बनाउनुभयो ।

**हिब्रु ११:३** विश्वासद्धारा हामी बुझ्दछौं कि सारा विश्व परमेश्वरको वचनद्धारा सृष्टि भयो, र जो दृश्य छ त्यो अदृश्य कुराबाट बन्यो ।

# परमेश्वरको व्यवस्था

बाइबल र लुथरनले सिकाउँछन्: परमेश्वरले मानिसहरुको हृदयमा सृष्टिदेखि नै उहाँको व्यवस्था लेख्नुभयो । मानव विवेकमा व्यवस्थाको गवाही रहेको हुन्छ । व्यवस्थाको ज्ञान मानिसहरुको हृदयमा पापले अस्पष्ट पारेको छ । परमेश्वरले यो व्यवस्था दश आज्ञामा दोहोऱ्याउनुभयो । परमेश्वरको व्यवस्थाले हाम्रो विचारमा, बोलीमा र काममा आज्ञाकारी भएको चाहन्छ । यसले पाप गर्ने सबैलाई दोष्याउँछ । त्यसकारण कसैले पनि व्यवस्था पालन गरेर उद्धार पाउन सक्दैन । परमेश्वरको व्यवस्थाले हाम्रो पाप देखाइदिने काम गर्दछ, र पापको विरुद्धमा परमेश्वरको क्रोधको चेतावनी दिन्छ र हामीलाई हाम्रो ख्रीष्टियान जीवनमा डोऱ्याउँछ ।

**व्यवस्था १०:४** अनि परमप्रभुले सभाको दिनमा पर्वतमा अग्निको बीचबाट तिमीहरुलाई दिनुभएका दश आज्ञा पहिले झैं ती पाटीमा लेखेर परमप्रभुले मलाई दिनुभयो ।

**मत्ती ५:४८** यसकाराण जस्तो तिमीहरुका स्वर्गमा हुनुहुने पिता सिद्ध हुनुहुन्छ, तिमीहरु पनि त्यस्तै सिद्ध हुनुपर्दछ ।

**यूहन्ना १:१७** किनभने व्यवस्था मोशाद्धारा दिइयो ।

**रोमी ७:७** यदी व्यवस्था नभए मैले पाप थाहा पाउने थिइनँ ।

**रोमी ३: २२,२३** ... किनभने केहि भेद छैन, किनकि सबैले पाप गरेका छन्, र परमेश्वर को महिमासम्म पुग्नबाट चुकेका छन् ।

**याकूब २:१०** किनकि जसले सम्पूर्ण व्यवस्था पालन गर्छ तर एउटै कुरामा चुक्छ भने, व्यवस्थाको सबै कुरामा त्यो दोषी ठहरिएको हुन्छ ।

**भजनसंग्रह ११९:९** जवान मानिसले आफ्नो चालचलन कसरी चोखो राख्न सक्छ ? तपाईका वचन अनुसारको जीवन बिताएर नै हो ।

# पाप

बाइबल र लुथरनले सिकाउँछन् कि पहिलो मानिस र स्त्रीले परमेश्वरको प्रतिरुप गुमाए जब तिनीहरु शैतानको परिक्षामा परे र परमेश्वरको आज्ञा उलङ्घन गरे । यसले तिनीहरुलाई परमेश्वरको न्यायमा ल्यायो । त्यो समयदेखि सबै मानिसहरु पापमा गर्भ धारण भएर जन्मछन्, जे दुष्ट छ त्यही गर्न इच्छा गर्छन्, र आत्मिक रुपमा मरेका छन् । त्यसकारण, हामीहरु आफै हाम्रा कोशिश वा कामले परमेश्वरमा मिलापमा आउन सक्दैनौं ।

**उत्पत्ति २:१७** तर असल र खराबको ज्ञान दिने रुखको फलचाहिँ नखानू, किनभने जुन दिन तैंले त्यो खान्छस् तँ निश्चय नै मर्नेछस् ।

**भजनसंग्रह ५१:५** साँच्चै म जन्मँदा नै पापी थिएँ र मेरी आमाले मलाई गर्भधारण गरेदेखि नै म पापी थिएँ ।

**एफिसी २:१** तिमीहरु आफ्ना अपराध र पापहरुद्धारा मरेको बेलामा... ।

**यूहन्ना ३:६** शरीरबाट जन्मेको शरीर हो ।

**भजनसंग्रह ५:४** तपाईं दुष्टतामा प्रशन्न हुने परमेश्वर हुनुहुन्न । खराबी तपाईमा बास गर्न सक्दैन ।

**रोमी ५:१२** एउटा मानिसद्धारा संसारमा पाप आयो, र पापबाट मृत्यु । यसरी सबै मानिसले पाप गरेका हुनाले सबै मानिसमा मृत्यु फैलियो ।

**१ यूहन्ना ३:४** पाप गर्ने हरेकले व्यवस्था भङ्ग गर्दछ । पाप नै व्यवस्था भङ्ग हो ।

**रोमी ८:७,८** किनभने पापमय शरीरतिर लागेको मनचाहिँ परमेश्वरप्रतिको शत्रुता हो । परमेश्वरका व्यवस्थाको अधीनमा त्यो हुँदैन ... पाप स्वभावको वशमा हुनेहरुले परमेश्वरलाई प्रशन्न पार्न सक्दैनन् ।

## सुसमाचार

बाइबल र लुथरनले सुसमाचार सिकाउँछन्: सुसमाचारको सन्देश चाहिँ असल खबर हो किनकि प्रेमिलो परमेश्वरले येशू ख्रीष्टलाई सबै मानिसहरुको पाप उठाइलैजान पठाउनुभयो । सुसमाचारले येशूमा पाइने धार्मिकता सबै पापीहरुलाई सित्तैमा प्रस्ताव गर्छ । परमेश्वरले अनन्त जीवन र मुक्ति ती सबै जसले सुसमाचारका प्रतिज्ञाहरुमा विश्वास गर्छन् तिनीहरुलाई प्रस्ताव गर्नुहुन्छ र दिनुहुन्छ ।

**यूहन्ना १:१७** किनभने व्यवस्था मोशाद्धारा दिइयो, अनुग्रह र सत्यताचाहिँ येशू ख्रीष्टद्धारा आए ।

**रोमी १:१६** किनकि सुसमाचारसँग म शर्माउँदिन । किनभने विश्वास गर्ने प्रत्येकका मुक्तिको निम्ति यो परमेश्वरको शक्ति हो, पहिले यहूदीहरुका निम्ति  र अन्यजातिहरुका निम्ति पनि ।

**यूहन्ना ३:१६** किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस् तर त्यसले अनन्त जीवन पाओस् ।

**कलस्सी २:१३** तिमीहरु आफ्ना अपराध र शरीरअनुसार बेखतनामा मरेका थियौ, तर परमेश्वरले हाम्रा सबै अपराध क्षमा गरिदिएर उहाँसँगै जीवित पार्नुभयो ।

**लुका २:१०,११** तब स्वर्गदुतले तिनीहरुलाई भने, “नडराओ, किनभने हेर, म तिमीहरुलाई बडो आनन्दको सुसमाचार सुनाउँछु, जो सबै मानिसहरुका निम्ति हुनेछ । आज दाऊदको शहरमा तिमीहरुका निम्ति एउटा मुक्तिदाताको जन्म भएको छ, जो ख्रीष्ट प्रभु हुनुहुन्छ ।

**इजकिएल ३३:११** जस्तो म जीवित छु, परमप्रभु परमेश्वर भन्नुहुन्छ, दुष्टहरुको मृत्युमा म खुशी हुन्न, तर तिनीहरु बाँचून् भनी म चाहन्छु । आफ्नो दुष्ट चाल त्याग । हे इस्राएलका घराना हो, तिमीहरु किन मर्छौ ?

# येशू ख्रीष्ट

बाइबल र लुथरनले सिकाउँछन्: येशू ख्रीष्ट हरेकका मुक्तिदाता हुनुहुन्छ । उहाँ परमेश्वरका अनन्त पुत्र हुनुहुन्छ र पिता र पवित्र आत्माको बराबर हुनुहुन्छ। उहाँ कन्या मरियमका पुत्र पनि हुनुहुन्थ्यो । उहाँ सबै मानिसहरुलाई छुटाउने मानिस हुनुभयो । हाम्रो सट्टा लिनुभयो, उहाँले हाम्रो लागि परमेश्वरको व्यवस्था पालन गरेर सिद्ध जीवन जीउनुभयो । उहाँ हाम्रो लागि निर्दोष प्रतिनिधी भइ क्रुसमा सबै जनाको पापको पर्याप्त मोल तिर्नको लागि मर्नुभयो । मृतकबाट जीइउठ्नुभएपछि, येशू स्वर्गमा उचालिनुभयो । अन्तको दिनमा उहाँले सबै मानिसहरुलाई न्याय गर्नुहुनेछ जो जीवितै हुनेछन् र तिनीहरु जसलाई उहाँले मृतकबाट जीवित पार्नुहुनेछ ।

**१ यूहन्ना ५:२०** जो सत्य हुनुहुन्छ, हामी उहाँमा छौं, अर्थात् उहाँका पुत्र येशू ख्रीष्टमा । उहाँ नै साँचो परमेश्वर र अनन्त जीवन हुनुहुन्छ ।

**मत्ती १:२३** "हेर, एउटा कन्याले गर्भधारण गर्नेछे, र त्यसले एउटा पुत्र जन्माउनेछे, र उहाँको नाउँ इम्मानुएल राखिनेछ" जसको अर्थ हो, "परमेश्वर हामीहरुसँग"

**एफिसी १:७** रगतद्धारा हामी उहाँमा उद्धार, हाम्रा पापको क्षमा, पाउँछौं

**गलाती ३:१३** हाम्रा निम्ति सराप बनेर ख्रीष्टले हामीलाई व्यवस्थाको सरापबाट मोल तिरेर छुटाउनुभयो,

**हिब्रु ४:१५** हामीजस्तै उहाँ सबै कुरामा परीक्षित हुनुभयो, र पनि पापरहित हुनुहुन्थ्यो ।

**रोमी १:४** येशू ख्रीष्ट हाम्रा प्रभु मरेकाहरुबाट पुनरुत्थान भएर पवित्रताको आत्माअनुसार शक्तिमा परमेश्वरका पुत्र ठहरिनुभयो ।

**प्रेरित १०:४२** उहाँ जीवित र मृतकहरुका न्यायकर्ता हुनलाई परमेश्वरद्धारा नियुक्त हुनुभएको व्यक्ति हुनुहुन्छ ।

# सुसमाचार

बाइबल र लुथरनले सुसमाचार सिकाउँछन्: सुसमाचारको सन्देश चाहिँ असल खबर हो किनकि प्रेमिलो परमेश्वरले येशू ख्रीष्टलाई सबै मानिसहरुको पाप उठाइलैजान पठाउनुभयो । सुसमाचारले येशूमा पाइने धार्मिकता सबै पापीहरुलाई सित्तैमा प्रस्ताव गर्छ । परमेश्वरले अनन्त जीवन र मुक्ति जसले सुसमाचारका प्रतिज्ञाहरुमा विश्वास गर्छन् तिनीहरु सबैलाई प्रस्ताव गर्नुहुन्छ र दिनुहुन्छ ।

**यूहन्ना १:१७** किनभने व्यवस्था मोशाद्धारा दिइयो, अनुग्रह र सत्यताचाहिँ येशू ख्रीष्टद्धारा आए ।

**रोमी १:१६** किनकि सुसमाचारसँग म शर्माउँदिन । किनभने विश्वास गर्ने प्रत्येकका मुक्तिको निम्ति यो परमेश्वरको शक्ति हो, पहिले यहूदीहरुका निम्ति र अन्यजातिहरुका निम्ति पनि ।

**यूहन्ना ३:१६** किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस् तर त्यसले अनन्त जीवन पाओस् ।

**कलस्सी २:१३** तिमीहरु आफ्ना अपराध र शरीरअनुसार बेखतनामा मरेका थियौ, तर परमेश्वरले हाम्रा सबै अपराध क्षमा गरिदिएर उहाँसँगै जीवित पार्नुभयो ।

**लुका २:१०,११** तब स्वर्गदुतले तिनीहरुलाई भने, “नडराओ, किनभने हेर, म तिमीहरुलाई बडो आनन्दको सुसमाचार सुनाउँछु, जो सबै मानिसहरुका निम्ति हुनेछ । आज दाऊदको शहरमा तिमीहरुका निम्ति एउटा मुक्तिदाताको जन्म भएको छ, जो ख्रीष्ट प्रभु हुनुहुन्छ ।

**इजकिएल ३३:११** जस्तो म जीवित छु, परमप्रभु परमेश्वर भन्नुहुन्छ, दुष्टहरुको मृत्युमा म खुशी हुन्न, तर तिनीहरु बाँचून् भनी म चाहन्छु । आफ्नो दुष्ट चाल त्याग । हे इस्राएलका घराना हो, तिमीहरु किन मर्छौ ?

# येशू ख्रीष्ट

बाइबल र लुथरनले सिकाउँछन्: येशू ख्रीष्ट हरेकका मुक्तिदाता हुनुहुन्छ । उहाँ परमेश्वरका अनन्त पुत्र हुनुहुन्छ र पिता र पवित्र आत्माको बराबर हुनुहुन्छ । उहाँ कन्या मरियमका पुत्र पनि हुनुहुन्थ्यो । उहाँ सबै मानिसहरुलाई छुटाउने मानिस हुनुभयो । हाम्रो सट्टा लिनुभयो, उहाँले हाम्रो लागि परमेश्वरको व्यवस्था पालन गरेर सिद्ध जीवन जीउनुभयो । उहाँ हाम्रो लागि निर्दोष प्रतिनिधी भइ क्रुसमा सबै जनाको पापको पर्याप्त मोल तिर्नको लागि मर्नुभयो । मृतकबाट जीइउठ्नुभएपछि, येशू स्वर्गमा उचालिनुभयो । अन्तको दिनमा उहाँले सबै जीवित मानिसहरु साथै जसलाई उहाँले मृतकबाट जीवित पार्नुहुनेछ र तिनीहरुलाई पनि न्याय गर्नुहुनेछ ।

**१ यूहन्ना ५:२०** जो सत्य हुनुहुन्छ, हामी उहाँमा छौं, अर्थात् उहाँका पुत्र येशू ख्रीष्टमा । उहाँ नै साँचो परमेश्वर र अनन्त जीवन हुनुहुन्छ ।

**मत्ती १:२३** “हेर, एउटा कन्याले गर्भधारण गर्नेछे, र त्यसले एउटा पुत्र जन्माउनेछे, र उहाँको नाउँ इम्मानुएल राखिनेछ” जसको अर्थ हो, “परमेश्वर हामीहरुसँग”

**एफिसी १:७** रगतद्धारा हामी उहाँमा उद्धार, हाम्रा पापको क्षमा, पाउँछौं

**गलाती ३:१३** हाम्रा निम्ति सराप बनेर ख्रीष्टले हामीलाई व्यवस्थाको सरापबाट मोल तिरेर छुटाउनुभयो,

**हिब्रु ४:१५** हामीजस्तै उहाँ सबै कुरामा परीक्षित हुनुभयो, र पनि पापरहित हुनुहुन्थ्यो ।

**रोमी १:४** येशू ख्रीष्ट हाम्रा प्रभु मरेकाहरुबाट पुनरुत्थान भएर पवित्रताको आत्माअनुसार शक्तिमा परमेश्वरका पुत्र ठहरिनुभयो ।

**प्रेरित १०:४२** उहाँ जीवित र मृतकहरुका न्यायकर्ता हुनलाई परमेश्वरद्धारा नियुक्त हुनुभएको व्यक्ति हुनुहुन्छ ।

# पवित्र आत्मा

बाइबल र लुथरनले सिकाउँछन्: पवित्र आत्मा साँचो परमेश्वर हुनुहुन्छ र पिता परमेश्वर र पुत्र परमेश्वर समान हुनुहुन्छ । उहाँका नाम र विशेषताहरु छन् जुन् परमेश्वरसँग मात्रै हुन्छन् । पवित्र आत्माले सुसमाचारद्धारा हाम्रो हृदयमा विश्वास सृजना गराउनुहुन्छ । उहाँले हामीलाई विश्वासमा राख्नुहुन्छ र हामीलाई असल कामहरु गर्न प्रेरित गर्नुहुन्छ ।

**प्रेरित ५:३,४** तर पत्रुसले भने, "ए हननिया, पवित्र आत्मासँग झूट बोल्ने र जमीनको बिक्रीको मोलबाट केहि हिस्सा आफूसँग राख्ने कुरा शैतानले कसरी तिम्रो मनमा भरि दियो ?... तिमीले मानिसहरुलाई त होइन, तर परमेश्वरलाई नै ढाँटेका छौ ।

**२ कोरिन्थी १३:१४** प्रभु येशू ख्रीष्टको अनुग्रह, परमेश्वर पिताको प्रेम र पवित्र आत्माको सङ्गति तिमीहरु सबैसँग रहून् ।

**भजनसंग्रह १३९:७,८** तपाईंका आत्माबाट म कहाँ अलग्ग जान सक्छु ? अथवा तपाईको उपस्थितिबाट म कहाँ भाग्न सक्छु ? म आकाशमा गएँ भने, तपाईं त्यहाँ हुनुहुन्छ, गहिराइमा आफ्नो ओछ्यान बनाएँ भने, त्यहाँ पनि तपाईं हुनुहुन्छ ।

**अय्यूब ३३:४** किनभने परमेश्वरका आत्माले मलाई सृजनुभयो, र सर्वशक्तिमान्‌को सासले मलाई जीवन दिन्छ ।

**तीतस ३:५** ... पुनर्जीवनको स्नानद्धारा र पवित्र आत्माद्धारा भएको नवीकरणबाट उहाँले हामीलाई मुक्ति दिनुभयो ।

**एफिसी ३:१६** म प्रार्थना गर्छु, कि उहाँका महिमाको सम्पत्तिअनुसारको शक्तिले उहाँका आत्माद्धारा भित्री मनुष्यत्वमा तिमीहरुलाई शक्तिशाली पारुन् ।

**गलाती ५:२४,२५** तर तिनीहरु जो ख्रीष्ट येशूका हुन्, तिनीहरुले पाप-स्वभावलाई त्यसको वासना र लालसासहित क्रूसमा टाँगिदिएका छन् । हामी पवित्र आत्माद्धारा जीउछौं भने आत्माकै अनुसार हिडौं ।

# परिवर्तन

बाइबल र लुथरनले सिकाउँछन्: पवित्र आत्माले हृदयमा येशूलाई मुक्तिदाताको रुपमा विश्वास गर्ने तुल्याउनुहुन्छ । पवित्र आत्माले परमेश्वरको वचनको सुसमाचारद्धारा विश्वास सृजना गर्नुहुन्छ र पवित्र बप्तिस्मा र पवित्र प्रभु भोजको संस्कारहरुबाट विश्वास कायम गर्नुहुन्छ । हामी विश्वास गर्छौं कि हाम्रो परिवर्तन हाम्रो काम होइन । यो पूर्णतया परमेश्वरको अनुग्रहको काम हो । सुसमाचारको इन्कार चाहिँ , पूर्णतया हाम्रो आफ्नो भूल हो ।

**१ कोरिन्थी ६:११** तिमीहरु कोहि यस्तै थियौ, तर तिमीहरु धोइयौ, पवित्र पारियौ, प्रभु येशू ख्रीष्टको नाउँमा हाम्रा परमेश्वरका आत्माद्धारा निर्दोष ठहराइयौ ।

**यूहन्ना १७:१७** तिनीहरुलाई सत्यमा पवित्र पारिदिनुहोस्, तपाईको वचन सत्य हो ।

**२ थेसलोनिकी २:१३,१४,** प्रभुले प्रेम गर्नुभएका भाइहरु, तिमीहरुका निम्ति हामी परमेश्वरमा सधैं धन्यवाद चढाउन बाध्य छौं, किनकि शुरुदेखि नै पवित्र आत्माको पवित्र तुल्याउने कामद्धारा र सत्यतामाथिको विश्वासद्धारा बाँच्नलाई परमेश्वरले तिमीहरुलाई चुन्नुभयो । यसैका निम्ति हाम्रो सुसमाचारद्धारा हाम्रा प्रभु येशू ख्रीष्टको महिमा प्राप्त गर्न उहाँले तिमीहरुलाई बोलाउनुभयो ।

**रोमी १०:१७** जे सुनिएको छ, त्यसैबाट विश्वास आउँछ र जे सुनिन्छ त्यो ख्रीष्टको प्रचारबाट आउँछ ।

**प्रेरित २:३८** पत्रुसले तिनीहरुलाई भने, “पश्चात्ताप गर, र तिमीहरुका पाप-क्षमाको निम्ति येशू ख्रीष्टको नाउँमा तिमीहरु प्रत्येकले बप्तिस्मा लेऊ, र तिमीहरुले पवित्र आत्माको बरदान पाउनेछौ ।

**प्रेरित १५:३ ...** अन्यजातिहरुले प्रभुलाई ग्रहण गरेको कुरा तिनीहरुलाई सविस्तार सुनाए ।

**प्रेरित ७:५१** हे हठी मानिसहरु हो ... तपाईहरु सधैं पवित्र आत्माको विरोध गर्नुहुन्छ ।

# विश्वासद्वारा बचाइएका

बाइबल र लुथरनले सिकाउँछन्: विश्वास चाहिँ पश्चात्तापी पापीहरुले येशू ख्रीष्टलाई उनीहरुको एकमात्र मुक्तिदाता र उहाँको योग्यतामा पाप क्षमा र मुक्तिको पूर्ण भरोसा छ भनी स्वीकार गर्नु हो। यस्तो विश्वास चाहिँ व्यक्तिगत प्राप्ति वा मानविय योग्यताको कार्य होइन । पवित्र आत्माले विश्वास सृजना गर्नुहुन्छ । जो जीवनको अन्त्यसम्म विश्वासमा रहिरहन्छ ऊ अनन्तको लागि बचाइन्छ। विश्वासविना मुक्ति असम्भव छ।

**यूहन्ना १:१२** तर जतिले उहाँलाई ग्रहण गरे र उहाँको नाउँमाथि विश्वास गरे, उहाँले तिनीहरुलाई परमेश्वरका सन्तान हुने अधिकार दिनुभयो ।

**प्रेरित १०:४३** सबै अगमवक्ताहरुले उहाँको गवाही दिएका छन्, कि उहाँमाथि विश्वास गर्ने प्रत्येकले उहाँको नाउँद्वारा पाप-क्षमा पाउँछ ।

**गलाती २:१६** व्यवस्थाका कामद्वारा मानिस धर्मी ठहरिँदैन, तर येशू ख्रीष्टमाथिको विश्वासद्वारा धर्मी ठहरिन्छ । यसकारण हामीले पनि हाम्रो विश्वास ख्रीष्ट येशूमा राख्यौं, ताकि हामी व्यवस्थाका कामद्वारा होइन तर ख्रीष्टमा राखिएको विश्वासद्वारा धर्मी ठहरिन सकौं, किनकि व्यवस्थाका कामद्वारा कोही पनि धर्मी ठहरिँदैन ।

**प्रेरित १६:३०,३१** उनले भने "उद्धार पाउनलाई मैले के गर्नुपर्छ ?" अनि तिनीहरुले भने, "प्रभु येशू ख्रीष्टमा विश्वास गर्नुहोस्, र तपाईंले उद्धार पाउनुहुनेछ- तपाईं र तपाईंको सारा परिवारले ।"

**यूहन्ना ३:३६** जसले पुत्रमाथि विश्वास गर्छ त्यससँग अनन्त जीवन छ ।

**मत्ती २४: १३** तर आखिरसम्म स्थिर रहनेचाहिँ बचाइनेछ ।

## अनुग्रहद्धारा उद्धार पाएका

बाइबल र लुथरनहरुले सिकाउँछन्: संसारको सृष्टि हुनुभन्दा अगाडीदेखि नै परमेश्वर ले ती व्यक्तिहरुलाई चुन्नुभएको थियो जसलाई उहाँले कुनै समयमा सुसमाचारबाट परिवर्तन गर्नुहुनेछ र अनन्त जीवनको लागि तिनीहरुको विश्वास बचाइराख्नुहुनेछ। यो चुनाव चाहिँ परमेश्वरले चुन्नुभएका मानिसहरुमा पहिल्यै देखि देख्नुभएको तिनीहरुको गुण र कामहरुले गर्दा होइन । यसले बताउँछ कि मुक्ति हाम्रो परमेश्वरको पूर्ण अनुग्रहले मात्रै हो । अनुग्रह चाहिँ परमेश्वरको नचिताएको प्रेम र कृपा हो, जे उहाँले सारा मानिसजातिमा प्रभु येशू ख्रीष्टद्धारा देखाउनुभयो ।

**एफिसी १:४-६** उहाँको सामुन्ने पवित्र र निस्कलङ्क होऔं भनेर संसारको उत्पत्तिभन्दा अघिबाटै उहाँले हामीलाई चुन्नुभयो । उहाँको इच्छाको लक्ष्यअनुसार ख्रीष्ट येशूद्धारा प्रेममा उहाँले हामीलाई आफ्ना सन्तान हुनलाई अघिबाटै नियुक्त गर्नुभएको थियो, यस हेतुले कि उहाँले हामीलाई आफ्ना प्रिय पुत्रमा सित्तैंमा दिनुभएको आफ्नो महिमामय अनुग्रहको प्रशंसा होस् ।

**रोमी ११:५,६** यसै गरी यस वर्तमान समयमा पनि अनुग्रहद्धारा चुनिएकाहरुको एक बाँकी भाग छ। तर अनुग्रहबाट हो भने यो कर्मको आधारमा होइन, नत्रता अनुग्रह अझ अनुग्रह नै रहनेथिएन ।

**प्रेरित १५:११** हामी विश्वास गर्दछौं कि प्रभु येशूको अनुग्रहबाट हामीले उद्धार पाएका छौं ।

**रोमी ५:१५** सित्तैंको बरदान र त्यस अपराधमा केहि समानता छैन । किनकि एउटा मानिसको अपराधले गर्दा धेरै मरे भनेता झन् बढी परमेश्वरको अनुग्रह र एउटो मानिसको, अर्थात येशू ख्रीष्टद्धारा आएको सित्तैंको बरदान धेरैका निम्ति प्रशस्त भयो ।

# पश्चात्ताप

बाइबल र लुथरनले सिकाउँछन्: पश्चात्ताप भनेको पापको स्वीकार र त्यसको साँचो पछुतो हो । पश्चात्तापी पापीले यो पनि विश्वास गर्छ कि परमेश्वरले येशूको खातिर पाप क्षमा गर्नुहुन्छ । पश्चात्ताप चाहिँ हृदयको यस्तो अवस्था हो जुनबिना कसैले पनि उद्धार पाउने आशा गर्न सक्दैन । हरेक साँचो पश्चात्तापी पापीको लागि परमेश्वरको सित्तैको पूर्ण क्षमाको निश्चयता छ । त्यसकारण उसले पापमय जीवनलाई त्यागेर परमेश्वरको लागि पवित्र जीवन जीउनेछ ।

**यशैया ५५:६,७** जबसम्म परमप्रभुलाई पाउनसक्छौ उहाँलाई खोज । उहाँ नजीक हुनुहुँदा नै उहाँलाई भेट । दुष्टले आफ्नो बाटो र अधर्मीले आफ्नो विचार त्यागोस्, र परमप्रभुतिर फर्कोस्, र उहाँले त्यसमाथि कृपा गर्नुहुनेछ । हाम्रा परमेश्वरतर्फ त्यो फर्कोस, र उहाँले त्यसलाई सित्तैंमा क्षमा गर्नुहुनेछ ।

**मर्कुस १:१५** पश्चात्ताप गर र सुसमाचारमा विश्वास गर ।

**मत्ती ४:१७** त्यसबेलादेखि पश्चात्ताप गर्दै येशूले भन्न लाग्नुभयो, पश्चात्ताप गर, किनभने स्वर्गको राज्य नजीक आइपुगेको छ । ”

**२ कोरिन्थी ७:१०** किनभने ईश्वरीय शोकले मुक्तिको निम्ति पश्चात्ताप उत्पन्न गर्छ, र त्यसमा पछितो हुँदैन, तर सांसारिक शोकले भने मृत्यु उत्पन्न गर्छ ।

**लुका १८:१३,१४** तर कर उठाउनेचाहिँ टाढै उभिएर स्वर्गतिर आँखा पनि नउठाई यसो भन्दै आफ्नो छाती पिट्यो, “हे परमेश्वर, म पापीमाथि दया गर्नुहोस् ।” म तिमीहरुलाई भन्दछु, “यो चाहिँ मानिस त्यस अर्काभन्दा धर्मी ठहरिएर आफ्नो घरतिर लाग्यो । किनभने हरेक जसले आफूलाई उच्च पार्दछ, त्यो होच्याइनेछ, तर जसले आफूलाई होच्याउँछ, त्यो उच्च पारिनेछ ।”

## पवित्रकरण

बाइबल र लुथरनले सिकाउँछन्: येशू ख्रीष्टमा भएको विश्वास जीवित र सक्रिय छ। त्यसकारण विश्वासले असल फलहरु फलाउँछ जसले परमेश्वरलाई खुशी तुल्याउँछन्। साँचो विश्वास, परमेश्वरको वचनबाट पोषण गरिन्छ, अनि परमेश्वरको पवित्र इच्छा पूरा गर्न खुशी हुन्छ। यो पापी संसारमा, ख्रीष्टियानहरुको सबभन्दा असल कामहरु पनि पापले फोहोर बनाएको छ। यो जीवनमा हामी कहिल्यै पनि सिद्ध हुन सक्दैनौं। येशूमा ख्रीष्टियानहरुको अपूर्ण वा असिद्ध प्रयासहरुलाई अनुग्रहद्धारा हाम्रा पिताले स्वीकार्य बनाउनुभएको छ।

**याकूब २:१७** विश्वास पनि काममा प्रकट हुँदैन भने त्यो विश्वास मृत हो।

**हिब्रु ११:६** विश्वासविना परमेश्वरलाई प्रशन्न पार्नु असम्भव छ।

**रोमी ७:१९** किनभने असल काम जो म गर्न चाहन्छु, त्यो म गर्दिन, तर दुष्ट काम, जो म गर्न चाहन्न त्यही म गर्ने गर्छु।

**यशैया ६४:६** हाम्रा सबै धार्मिक काम फोहोर झुत्रा लुगा झैं छन्।

**२ कोरिन्थी ७:१ ...** शरीर र आत्माको हरेक किसिमको अशुद्धताबाट हामी आफैलाई शुद्ध पारौं ....

**गलाती ५:६** तर एउटै कुराको मात्रै मुल्य छ, अनि त्यो हो- प्रेमद्धारा काम गर्ने विश्वास।

**१ थेसलोनिकी ४:३** परमेश्वरको इच्छा जो तिमीहरुको पवित्रकरण पनि हो ...।

**एफिसी २:१०** किनकि हामी असल कामहरुका निम्ति ख्रीष्ट येशूमा सृजना गरिएका उहाँका हातका सीप हौं।

# प्रार्थना

बाइबल र लुथरनले सिकाउँछन्: विश्वासीहरुले प्रार्थना गर्नुपर्छ । येशूको नाउँमा भन्नुको अर्थ उहाँको मुक्तिमा भरोसा राखेर, विश्वासीहरुले निर्धक्क भई वचन बोल्न सक्छन् भन्ने हो । हामीले परमेश्वरलाई आफ्ना खाँचोहरु प्रस्तुत गर्दछौं, उहाँलाई प्रशंसा गर्छौं, उहाँलाई धन्यवाद दिन्छौं, वा अरुहरुको लागि अन्तर्विन्ती गर्छौं । प्रार्थना मुक्ति पाउने एउटा तरिका होइन । ख्रीष्टियानहरुले प्रार्थना गर्दछन् किनभने परमेश्वरले हामीलाई प्रार्थना गर्न आज्ञा दिनुभएको छ र हाम्रा प्रार्थनाहरुको उत्तर दिने प्रतिज्ञा पनि गर्नुभएको छ । कहिलेकाहिँ उहाँको उत्तर "हुन्छ" भन्ने हुन्छ कहिलेकाहीँ "हुँदैन" भन्ने हुन्छ । कहिलेकाहिँ परमेश्वरले हाम्रा प्रार्थनाहरुको उत्तर दिनको लागि असल समयसम्म पर्खनुहुन्छ ।

**भजनसंग्रह १९:१४** हे परमप्रभु, मेरो चट्टान र मेरा उद्धारक, मेरो मुखका शब्द र मेरो हृदयका ध्यान तपाईंको दृष्टिमा ग्रहणयोग्य होऊन् ।

**भजनसंग्रह ५०:१५** र संकष्टको दिनमा मलाई पुकार्, र म तँलाई छुटाउनेछु, र तैंले मेरो महिमा गर्नेछस् ।

**मत्ती ७:७** माग त तिमीहरुलाई दिइनेछ, खोज त भेट्टाउनेछौ, ढकढक्याओ त तिमीहरुका निम्ति उघारिनेछ ।

**मत्ती २१:२२** विश्वास गरेर प्रार्थनामा जे माग्छौ त्यो तिमीहरुले पाउनेछौ ।

**यूहन्ना १६:२३** तिमीहरुले मेरो नाउँमा पितासँग जे माग्छौ, उहाँले त्यो तिमीहरुलाई दिनुहुनेछ ।

**१ तिमोथी २:१** सर्वप्रथम म आग्रह गर्दछु कि सबै मानिसहरुका निम्ति नम्र-निवेदन, प्रार्थना र मध्यस्थ-बिन्ती र धन्यवाद चढाइऊन् ।

**१ थेसलोनिकी ५:१७** निरन्तर प्रार्थना गरिरहो ।

**एफिसी ६:१८** सारा प्रार्थना र निवेदनसाथ सब समय पवित्र आत्मामा प्रार्थना गर ।

**१ तिमोथी २:८** यसकारण सबै ठाउँमा पुरुषहरुले पवित्र हात उठाएर विनाक्रोध र विनाविवाद प्रार्थना गरुन् भन्ने म चाहन्छु ।

# मण्डली

बाइबल र लुथरनहरुले सिकाउँछन्: एक मात्र पवित्र ख्रीष्टियान मण्डली छ। यो चाहिँ प्रभु येशू ख्रीष्टमा विश्वास गर्नेहरुबाट बनेको हुन्छ। विश्वास हृदयको विषय भएको हुनाले, यो अदृश्य छ। परमेश्वरलाई मात्र थाहा छ कि कसमा विश्वास छ र त्यसकारण तिनीहरु पवित्र ख्रीष्टियान मण्डलीको सदस्य हुन्छन्। यो अदृश्य मण्डली सुसमाचार घोषणा गरिएको जहाँपनि पाउन सकिन्छ। मानिसहरुको समूह जो जम्मा भइ परमेश्वरको वचन सुन्न आउँछन् तिनीहरुलाई देखिने मण्डली भनिन्छ। दुर्भाग्यवश, यस्ता समूहहरुमा, पापमय स्वभावले गर्दा, कपटी र झुटा शिक्षाका समर्थकहरु पनि यसमा हुन्छन्। धार्मिक सम्बन्ध तिनीहरुसँग मात्रै गर्नुपर्छ जो विश्वासयोग्य रुपमा परमेश्वरको वचनमा मात्रै समर्थन गर्छन्।

**२ तिमोथी २:१९** प्रभुले आफ्ना जतिलाई चिन्नुहुन्छ।

**यूहन्ना १८:३६** येशूले भन्नुभयो, “मेरो राज्य यस संसारको होइन।”

**यूहन्ना ८:३१, ३२** तिमीहरु मेरो वचनमा रह्यौ भने तिमीहरु साँच्चै मेरा चेला हौ। तब तिमीहरुले सत्य के हो सो जान्नेछौ, र सत्यले तिमीहरुलाई स्वतन्त्र तुल्याउनेछ।

**यशैया ५५:१०,११** जसरी वृष्टि र हिउँ आकाशबाट झर्छ .....त्यसरी नै मेरो मुखबाट निस्कने मेरो वचन पनि हुनेछ। त्यो मकहाँ व्यर्थै फर्कनेछैन, तर मैले इच्छा गरेको काम त्यसले पुरा गर्नेछ, र जुन कामको निम्ति म त्यसलाई पठाउँछु, त्यसमा त्यो सफल हुनेछ।

**१ कोरिन्थी १:२** कोरिन्थमा भएका परमेश्वरको मण्डलीलाई जो ख्रीष्ट येशूमा पवित्र भएको छ, र तिनीहरुका साथसाथै हरेक स्थानमा सन्त हुनलाई बोलाइएकाहरु सबैलाई।

**रोमी १६:१७** तिमीहरुलाई सिकाइएको धर्म सिद्धान्तको विरुद्धमा फूट र बाधा-विघन सृष्टि गर्नेहरुलाई नजर राख, र तिनीहरुबाट अलग्गै बस।

# बप्तिस्मा

बाइबल र लुथरनहरुले बप्तिस्मा एउटा पवित्र कार्य हो भनी सिकाउँछन् । यो परमेश्वर बाट स्थापित गरिएको थियो । परमेश्वरको वचन र पानी प्रयोग गरेर, बप्तिस्माले पापको क्षमादान, आत्मिक जीवन र अनन्त मुक्ति प्रस्ताव गर्छ र दिन्छ । यो जवानहरु र बृद्धहरु र बालबालिका समेतका लागि माध्यम हो । शिशुहरु पनि पापी हुन्छन् त्यसकारण आत्मिक नयाँजन्मको आवश्यकता पर्दछ, जुनचाहिँ बप्तिस्माबाट मात्रै पाइन्छ ।

**मत्ती २८:१९** जाओ र सबै देशका जातिहरुलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरुलाई बप्तिस्मा देओ ।

**यूहन्ना ३:५,६** येशूले जवाफ दिनुभयो, "साँच्चै म तिमीलाई भन्दछु, कोहि पानी र आत्माद्धारा जन्मेन भने परमेश्वरको राज्यमा पस्न सक्दैन । शरीरबाट जन्मेको शरीर हो, र पवित्र आत्माबाट जन्मेको आत्मा हो ।

**तीतस ३:५** हामी आफैले धार्मिकतामा गरेका कामबाट होइन, तर उहाँको आफ्नै कृपाअनुसार पुनर्जीवनको स्नानद्धारा र पवित्र आत्माद्धारा भएको नवीकरणबाट उहाँले हामीलाई मुक्ति दिनुभयो ।

**मर्कुस १०:१४** येशूले तिनीहरुलाई भन्नुभयो, "साना बाल-बालिकाहरुलाई मकहाँ आउन देओ, तिनीहरुलाई नरोक, किनभने परमेश्वरको राज्य यस्तैहरुको हो ।

**प्रेरित २२:१६** त अब किन पर्खनुहुन्छ ? उठ्नुहोस्, र बप्तिस्मा लिनुहोस्, अनि उहाँको नाउँको पुकार गरेर आफ्ना पापहरु धुनुहोस् ।

**मर्कुस १६:१६** विश्वास गर्ने र बप्तिस्मा लिनेले उद्धार पाउनेछ ...

# पवित्र प्रभु-भोज

बाइबल र लुथरनहरुले पवित्र प्रभु-भोज चाहिँ खीष्टले स्थापित गर्नुएको पवित्र कार्य हो भनी सिकाउँछन् । रोटी र दाखमद्य दुवैबाट हामीले येशूको साँचो शरिर  र रगत प्राप्त गर्छौं । यो विशेष खानेकुराबाट येशूले पापको क्षमा दिनुहुन्छ, हाम्रो विश्वास सुदृढ गर्नुहुन्छ, र विश्वास गर्ने जति सबैलाई अनन्त मुक्ति दिन्छ  । ति मानिसहरु जसले आफ्नो पापको प्रायश्चित गर्छन् र खीष्टियान विश्वासका ठीक शिक्षा प्राप्त गर्छन् तिनीहरुलाई यो संस्कारमा समावेश गर्नुपर्छ ।

**मत्ती २६:२६-२८ ...** येशूले रोटी लिनुभयो र आर्शीवाद दिनुभएपछि उहाँले त्यो भाँच्नुभयो र चेलाहरुलाई दिनुभयो र भन्नुभयो, “लेओ, खाओ, यो मेरो शरीर हो” तब कचौरा पनि लिएर धन्यवाद दिई उहाँले तिनीहरुलाई यसो भनेर दिनुभयो, “तिमीहरु सबैले यसबाट पिओ । किनभने यो नयाँ करारको मेरो रगत हो, जो धेरैका निम्ति पापको प्रायश्चितको लागि बहाइन्छ ।

**१ कोरिन्थी १०:१६** जुन आशिषका कचौराको निम्ति हामी आशिष माग्छौं, के त्यो खीष्टको रगतमा हुने सहभागिता होइन र त्यो रोटी जो हामी भाँच्छौं, के त्यो खीष्टको शरीरमा हुने सहभागिता होइन र ?

**१ कोरिन्थी ११:२७,२८** यसकारण जसले अयोग्य रितीले प्रभुको रोटी खान्छ, कि प्रभुको कचौराबाट पिउँछ, त्यो मानिस प्रभुको शरीर र रगतलाई अपवित्र तुल्याएकोमा दोषी ठहरिनेछ । हरेक मानिसले आफूलाई जाँचोस्, अनि मात्र त्यसले रोटी खाओस्, र कचौराबाट पिओस् ।

**१ कोरिन्थी१०:१७** रोटी एउटै हो त्यसकारण धेरै भए तापनि हामी एउटै शरीर हौं, किनकि हामी सबै एउटै रोटीबाट खान्छौं ।

# स्वर्गदूतहरू र स्वर्ग

बाइबल र लुथरनहरुले स्वर्गमा हुनु भनेको परमेश्वरको उपस्थितीमा हुनु हो भनी सिकाउँछन् । स्वर्गमा पवित्र स्वर्गदूतहरु हुन्छन्, जो परमेश्वरका सन्देशबहाकहरु हुन्, तिनीहरु ती आत्माहरुसँगै हुन्छन् जो विश्वासी भएर मरेका थिए । न्यायको दिनमा सबै मृतकहरु जीवित हुनेछन् । त्यसपछि सबै विश्वासीहरुको आत्मा माहिमित शरीरमा पुन:मिलन हुनेछ र अनन्तसम्म स्वर्गमा रहनेछ । यो अनन्त आनन्दको स्थान हो जहाँ कुनै आँशु र दु:ख हुँदैन ।

**उपदेशक १२:७** जमीनबाट आएको धूलो जमीनमै फर्कन अघि, तथा आत्मा दिनुहुने परमेश्वरकहाँ आत्मा जान अघि उहाँको नै सम्झना गर ।

**हिब्रु १:१४** के ती सबै स्वर्गदूतहरु मुक्ति पाउनेहरुका खातिर सेवा गर्नलाई पठाइएका सेवा गर्ने आत्माहरु होइनन् ?

**फिलिप्पी ३:२१** हाम्रा हीन शरीरलाई आफ्नै महिमाको शरीरजस्तै हुनलाई परिवर्तन गरि दिनुहुनेछ ।

**१ कोरिन्थी १५:५२** तुरही बज्नेछ, र मृतकहरु अविनाशी भएर जीवित हुनेछन् । अनि हाम्रो चाहिँ परिवर्तन हुनेछ ।

**प्रकाश २१:४** उहाँले तिनीहरुका आँखाका आँसु पूर्ण रुपले पुछिदिनुहुनेछ, र फेरी मृत्यु नै हुनेछैन, र शोक र पीडा पनि हुनेछैन । किनकि पहिलेका कुराहरु बितिसकेका छन् ।

**भजनसंग्रह १६:११** तपाईको उपस्थितिद्धारा तपाईंले आनन्दले मलाई गदगद पार्नुहुनेछ । तपाईंको दाहिने बाहुलीमा अनन्त आनन्द छ ।

**प्रकाश २२:२०** यी कुराको गवाही दिनेले भन्नुहुन्छ, “निश्चय, म चाँडै आउँदैछु ।” आमिन, आउनुहोस्, हे प्रभु येशू ।

# दुष्ट र नरक

बाइबल र लुथरनहरुले परमेश्वरका धेरै स्वर्गदुतहरुमध्ये केहिले पाप गरे र शक्तिशाली दुष्ट आत्माहरु भए, जसलाई शैतान भनिन्छ भनी सिकाउँछन् । तिनीहरु परमेश्वर र विश्वासीहरुका शत्रु हुन् । दुष्ट (शैतान) चाहिँ तिनीहरुको अगुवा हो । परमेश्वरले तिनीहरुलाई नरकमा फालिदिनुभएको भएता पनि तिनीहरुले हरेकले पाप गरुन भन्ने चाहन्छन् र विश्वासीहरुको विश्वास नाश गर्न खोज्छन् । अन्तको दिनमा येशू ख्रीष्टमा विश्वास बिना मरेकाहरुलाई, पनि नरकमा दण्ड दिइनेछ । नरक अनन्त यातनाको र परमेश्वरबाट अलग पारिने ठाउँ हो ।

**एफिसी ६:११,१२** दियाबलसका युक्तिहरुका विरुद्धमा खडा हुन सक्नलाई परमेश्वरका सारा हातहतियार धारण गर । किनकि हामीहरुको युद्ध शरीर र रगतको विरुद्ध होइन, तर प्रधानताहरुका विरुद्ध, शक्तिहरुका विरुद्ध, वर्तमान अन्धकारका सांसारिक शासकहरुका विरुद्ध र स्वर्गीय स्थानहरुमा भएका दुष्टयाइका आत्मिक सेनाहरुका विरुद्ध हो ।

**१ पत्रुस ५:८,९** सचेत रहो, जागा रहो, तिमीहरुका शत्रु दियाबलस कसलाई भेट्टाऊँ र खाइहालूँ भनी गर्जने सिँहझैं खोजी हिँड्छ । विश्वासमा दह्रिला भएर त्यसको विरोध गर, किनकि संसारभरी नै तिमीहरुका दाजुभाईहरुले पनि यस्तै कष्टको अनुभव गरिरहनुपरेको छ ।

यहूदा ६ आफ्नो अधिकारको मर्यादा कायम नराखेर उचित वासस्थान त्याग्ने स्वर्गदुतहरुलाई उहाँले पातालको अन्धकारमा न्यायको त्यस ठूलो दिनसम्म अनन्त बन्धनमा राख्नुभएको छ ।

**मत्ती २५:४१** त्यसपछि उनले देब्रेपट्टिका मानिसहरुलाई भन्नेछन्, “श्रापित मानिस हो । मबाट दूर होओ, र दियाबलस र त्यसका दूतहरुका लागि तयार गरिएको अनन्तको आगोमा जाओ ।

**यशैया ६६:२४** अनि तिनीहरले निस्केर मेरो विरुद्धमा बागी हुने मानिसहरुका मृत शरीरलाई हेर्नेछन् । तिनीहरुको किरा मर्नेछैन, तिनीहरुको आगो निभ्नेछैन, र तिनीहरु सबै मानिस-जातिका निम्ति घृणित हुनेछन् ।

# विशेष बिषयहरु- सिद्धान्त

सिद्धान्त चाहिँ एउटा बक्तव्य हो जुन मानिसहरुको समूहले विश्वास गर्ने र सिकाउने गर्छन् । खीष्टियान संसारमा प्रयोग गरिएका तीनवटा विश्वासका सारहरु छन् -प्रेरितीय विश्वासको सार, निसिन सिद्धान्त र अथानेसियन सिद्धान्त । यी सिद्धान्तहरुमा भएका शिक्षाहरु बाइबलबाट लिइएको हो । यी विश्वासका सारहरुले खीष्टियानहरुलाई सबै झुटा शिक्षकहरुदेखि अलग गराउँछन् ।

**१ पत्रुस ३:१५** तर खीष्टलाई प्रभु मानेर तिम्रो हृदयमा उहाँको श्रद्धा गर । तिमीहरुमा भएका आशाको विषय कसैले सोधपूछ गरे त्यसको जवाफ दिन सधैँ तत्पर बस, तर त्यो काम नम्रता र श्रद्धासाथ गर ।

**मत्ती १०:३२** यसकारण हरेक जसले मानिसहरुका सामु मलाई स्वीकार गर्छ, म पनि उसलाई स्वर्गमा हुनुहुने मेरा पिताको सामुन्ने स्वीकार गर्नेछु ।

**मत्ती १६:१३-१६** येशू कैसरिया फिलिप्पीको मुलुकमा आउनुभएपछि, उहाँले आफ्ना चेलाहरुलाई सोध्नुभयो, “मानिसहरुले मानिसको पुत्रलाई को हो भनी भन्छन् ? ” तिनीहरुले जवाफ दिए, “कसैले बप्तिस्मा दिने यूहन्ना, कसैले एलिया, र कसैले यर्मिया वा अगमवक्ताहरुमध्ये कुनै एक जना हुन् भनी भन्छन् ।” उहाँले तिनीहरुलाई सोध्नुभयो, “तिमीहरु के भन्छौ, म को हुँ ? ” सिमोन पत्रुसले जवाफ दिए, “तपाई खीष्ट हुनुहुन्छ, जीवित परमेश्वरको पुत्र ।”

**मत्ती ७:१५** “झुटा अगमवक्ताहरुदेखि होशियार बस, जो तिमीहरुकहाँ भेडाको भेषमा आउँछन्, तर भित्रपट्टि चाहिँ डरलाग्दा ब्वाँसाहरुजस्ता हुन्छन् ।”

## मण्डलीको एकता

बाइबल र लुथरनले जब ख्रीष्टियानहरुले धर्मशास्त्रमा प्रकाशित गरिएका तिनीहरुको स्वीकारमा सहमत हुन्छन् मण्डलीको साँचो एकता त्यसमा स्पष्ट हुन्छ भनी सिकाउँछन् । सबै जना मण्डलीका धर्मविधी र संस्थाका सबै विषयहरुमा सहमत हुनैपर्छ भन्ने जरुरी छैन । नयाँ कराररले यस्ता विषयहरुमा कुनै आज्ञा दिएको छैन । तिनीहरु जो विश्वास र सिद्धान्तमा एकतामा आउनेहरुले तिनीहरु एकता आराधनामा, प्रभु-भोज, प्रार्थना, र मण्डलीका कार्यहरुमा मिलेर व्यक्त गर्न सक्छन् । हामी त्यस्ता धार्मिक संगतिहरुमा भाग लिन सक्दैनौ जसको स्वीकारमा त्रुटीलाई अनुमति दिइन्छ, सिकाइन्छ, वा समर्थन गर्ने कुरा प्रकट हुन्छ ।

**एफिसी ४:३-६** शरीर एउटै छ, र पवित्र आत्मा एउटै हुनुहुन्छ- जसरी तिमीहरु बोलाइँदा एउटै आशामा बोलाइएका थियौ, जुन आशा तिमीहरुको बोलावटसँग गाभिएको छ - एउटै प्रभु, एउटै विश्वास र एउटै बप्तिस्मा । हामी सबैका एउटै परमेश्वर र पिता, जो सबैमाथि, सबैका मध्य र सबैमा हुनुहुन्छ ।

**हिब्रु १०:२३-२५** हामीले दृढ स्वीकार गरेको आशालाई दोधार नभइकन दह्रिलोसँग थामिराखौँ, किनकि जसले प्रतिज्ञा गर्नुभयो, उहाँ विश्वासयोग्य हुनुहुन्छ । हामी एउटाले अर्कालाई प्रेम र असल कामको निम्ति कसरी उत्साहित गराउने त्यस कुरामाथि विचार गरौँ । कति जनाको संगतिमा नजाने बानी हुन्छ, तर हामीचाहिँ एकसाथ भेला हुन नछोडौँ । तर प्रभुको दिन नजीक आइरहेको तिमीहरुले देखेका हुनाले एउटाले अर्कालाई झन् प्रोत्साहन देओ ।

**रोमी १६:१७** भाइ हो, म तिमीहरुलाई आग्रहपूर्वक बिन्ती गर्दछु, कि तिमीहरुलाई सिकाइएको धर्म-सिद्धान्तको विरुद्धमा फूट र बाधा-विघन सृष्टि गर्नेहरुलाई नजर राख, र तिनीहरुबाट अलग्गै बस ।

# धार्मिक शिक्षा

बाइबल र लुथरनले बालबालिकाको धार्मिक शिक्षा चाहिँ अभिभावकहरुको प्राथमिक कर्तव्य हो विशेषगरी बाबुहरुको हो भनी सिकाउँछन् । मण्डलीले अभिभावकहरुलाई विद्यालयहरु र खीष्टियान सिद्धान्तहरु सिकाउने अरु संस्थाहरु स्थापना गरेर सहायता पु¥याउन सक्छन् । कलिला बालबालिकाहरु र वयस्कहरुले बाइबल एकान्तमा र मण्डलीद्धारा दिइएका बाइबल कक्षाहरुमा पढ्न र अध्ययन गर्न निरन्तरता दिनुपर्छ । हामी सबैले बिश्वासलाई प्रशिक्षित गर्नु र सुदृढ गर्न चाहन्छौं जुन हामी र हाम्रा बालबालिकाहरुसँग हुन्छ । धर्मशास्त्रका यस्ता अध्ययनले परिवार, मण्डली र राष्ट्रलाई बलियो पार्दछ ।

**मर्कुस १०:१४** साना बाल-बालिकाहरुलाई मकहाँ आउन देओ, तिनीहरुलाई नरोक, किनभने परमेश्वरको राज्य यस्तैहरुको हो ।

**एफिसी ६:४** बाबु हो, आफ्ना छोराछोरीलाई रीस नउठाओ, तर तिनीहरुलाई प्रभुको अनुशासन र शिक्षामा हुर्काओ ।

**यूहन्ना २१:१५** येशूले भन्नुभयो, “मेरा पाठाहरुलाई खुवाऊ ।”

**प्रेरित १७:११** यहाँका यहूदीहरु थेसलोनिकेकाहरुभन्दा बढी भला थिए । किनभने यिनीहरुले पूरा उत्सुकतासाथ वचन ग्रहण गरे, र ती कुराहरु ठीकै त्यस्तै हुन् कि होइनन् भनी दिनहुँ धर्मशास्त्र छानबीन गर्थे ।

**यूहन्ना ५:३९** तिमीहरु धर्मशास्त्रमा खोजी गर्दछौ, किनभने त्यहाँ अनन्त जीवन पाइन्छ भनी तिमीहरु ठान्छौ । मेरो विषयमा गवाही दिने तिनै धर्मशास्त्र हुन् ।

**हितोपदेश १४:३४** धार्मिकताले देशलाई उचाल्छ, तर पाप गर्नुचाहिँ कुनै पनि जातिको लागि बेइज्जती हो ।

# ख्रीष्टियानहरू र तिनीहरूको सरकार

बाइबल र लुथरनले मण्डली मात्र होइन तर सबै सरकारी अधिकारहरु, परमेश्वरबाट स्थापना गरिएका हुन् भन्ने कुराहरु सिकाउँछन् । त्यसकारण ख्रीष्टियानहरु सरकारले परमेश्वरलाई इन्कार गर्नु नभनेसम्म आफूमाथि शासन गर्ने सरकारप्रति आज्ञाकारी हुनुपर्छ। परमेश्वरले सरकारलाई ठीक व्यवस्था र शान्तिमा राख्ने काम दिनुहुन्छ ताकि त्यसका बासिन्दाहरुले शान्त र धर्मी जीवन जीउन ।

**रोमी १३:१-५** हरेक व्यक्ति शासन गर्ने प्रशासकको अधीनमा बसोस् । परमेश्वरबाट आएको अधिकारबाहेक अरु कुनै अधिकार हुँदैन । जुन प्रशासकहरु छन्, ती परमेश्वर बाटै नियुक्त भएका हुन् । यसकारण प्रशासकहरुको विरुद्धमा खडा हुनेले परमेश्वरबाट नियुक्त भएकाहरुको विरोध गर्छ र जस-जसले विरोध गर्छन्, तिनीहरुले दण्डको आज्ञा पाउनेछन् । किनभने सुकर्मको निम्ति होइन, तर कुकर्मको निम्ति शासकहरुको डर मानिन्छ। के तिमी प्रशासकको डरमा रहन चाहँदैनौ ? त्यसो भए असल काम गर र तिमीलाई तिनीबाट प्रशंसा मिल्नेछ। किनकि तिम्रो भलाईका निम्ति तिनी परमेश्वरका सेवक हुन् तर यदी तिमी खराबी गर्छौ भने डर मान, किनभने तिनले तरवार व्यर्थैमा भिर्दैनन् । खराब गर्नेमाथि परमेश्वरको दण्ड ल्याउने तिनी परमेश्वरको सेवक हुन् । यसकारण परमेश्वरको दण्डबाट बच्नलाई मात्र होइन तर विवेकको निम्ति पनि तिमी तिनका अधीनमा रहनुपर्छ ।

**प्रेरित ५:२९** हामीले मानिसहरुको होइन तर परमेश्वरको आज्ञा पालन गर्नैपर्छ ।

**१ तिमोथी २:१,२** सर्वप्रथम म आग्रह गर्दछु, कि सबै मानिसहरुका निम्ति नम्र-निवेदन, प्रार्थना र मध्यस्थ-बिन्ती र धन्यवाद चढाइऊन् राजाहरु र सबै उच्च पदमा भएकाहरुका निम्ति पनि, ताकि हामी निर्धक्क र शान्तिपूर्ण भएर हरप्रकारले धार्मिक र आदरणीय जीवन बिताउन सकौं ।

# गर्भपतन र आत्महत्या

बाइबल र लुथरनले मानव जीवन अनुग्रही परमेश्वरको बरदान हो भनी सिकाउँछन् । हाम्रो जीवन अनुग्रहको समय हो जुन अवधीमा हामीसँग विश्वासबाट येशू ख्रीष्टमा मुक्तिको बाटो थाहा पाउने अवसर हुन्छ। परमेश्वरसँग मात्रै उहाँले दिनुभएको जीवन लिने अधिकार छ। जीवन गर्भमा सुरु हुन्छ र शरीरलाई आत्माले छोडेपछि अन्त हुन्छ।

**प्रेरित १७:२५,२६** ...उहाँले नै सबैलाई जीवन, सास र सबै चीज दिनुहुन्छ। उहाँले एक जनाबाट समस्त पृथ्वीमा वास गर्न मानिसको प्रत्येक जाति बनाउनुभयो ।

**यशैया ५५:६** जबसम्म परमप्रभुलाई पाउन सक्छौ उहाँलाई खोज ।

**२ कोरिन्थी ६:१,२** हामी तिमीहरुलाई बिन्ती गर्छौं, कि उहाँको अनुग्रह ब्यर्थ हुन नदेओ... हेर ग्रहणयोग्य समय अहिले हो, मुक्तिको दिन अहिले हो ।

**प्रस्थान २०:१३** हत्या नगर्नू ।

**भजनसंग्रह १३९:१३-१६** किनकि तपाईले नै मेरा भित्रका अङ्ग-प्रत्यङ्ग बनाउनुभयो, तपाईले मलाई मेरी आमाको गर्भमा रच्नुभयो .... जब अदृश्यमा म बनिँदैथिएँ, मेरो रचना तपाईंबाट लुकेको थिएन। अनि जब म पृथ्वीको गहिराइमा रचिँदैथिएँ, तपाईका आँखाले मेरो नबनिएको शरीरलाई देखे । मेरो निम्ति नियुक्त गरिएको आयु तपाईको पुस्तकमा लेखिएको थियो। त्यसको एउटै कुरा पनि पूर्ण हुन अघि सब लेखिएका थिए।

**यर्मिया १:५** मैले तँलाई गर्भमा रच्नभन्दा अघि नै तँलाई चिनिसकेको थिएँ, तँ जन्मनभन्दा अघि नै मैले तँलाई अलग गरें। मैले तँलाई जाति-जातिहरुका निम्ति एक अगमवक्ता नियुक्त गरें ।

**भजनसंग्रह ३१:१५** मेरा समय तपाईकै हातमा छन् ।

# विवाह र सम्बन्ध विच्छेद

बाइबल र लुथरनले सिकाउँछन्: विवाह एक मानिस र एक स्त्रीको मिलन हो। यो एउटा साझेदारी हो जसमा मानिस प्रेमी शीर हुन्छ। विवाह परमेश्वरद्धारा स्थापित गरिएको हो। यो पवित्र सम्बन्ध हो र यसलाई तोड्नु हुँदैन। यदी विवाहिता व्यक्तिले बाइबलिय कारणहरु विना सम्बन्धविच्छेद गऱ्यो भने पाप गर्छ। परमेश्वरको अगाडी, व्यभिचार वा परित्यागका घटना बाहेकका कुनै पनि सम्बन्ध विच्छेद मान्य हुँदैन। विवाहलाई अनावश्यक ठान्ने प्रवृत्तिको परिणाम चाहिँ परिवार, मण्डली र राष्ट्रको लागि ठूलो हानी हो।

**उत्पत्ति २:१८** परमप्रभु परमेश्वरले भन्नुभयो, “मानिस एक्लो रहन असल छैन। म त्यसको निम्ति त्यसलाई सुहाउने एउटा सहयोगी बनाउनेछु।”

**एफिसी ५:२४, २५** जसरी मण्डली ख्रीष्टको अधीनमा छ, त्यसरी नै पत्नीहरु पनि हरेक कुरामा पतिहरुका अधीनमा रहून। पति हो, आफ्ना पत्नीहरुलाई प्रेम गर, जसरी ख्रीष्टले पनि मण्डलीलाई प्रेम गर्नुभयो, र त्यसको निम्ति आफूलाई अर्पण गर्नुभयो।

**हिब्रु १३:४** सबैका बीचमा विवाहचाहिँ आदरणीय होस्, बैवाहिक सम्बन्ध नबिटुलिओस्, किनकि दुराचारी र व्यभिचारीहरुको इन्साफ परमेश्वरले गर्नुहुन्छ।

**मत्ती १९:९** म तिमीहरुलाई भन्दछु जसले व्यभिचारको कारणबाहेक आफ्नी स्वास्नीलाई त्यागेर अर्कीसँग विवाह गर्छु, त्यसले विवाह गर्दछ, त्यसले पनि व्यभिचार गर्दछ।

**१ कोरिन्थी ७:१५** तर विश्वास नगर्नेचाहिँ छुट्टिन्छ भने छुट्टिओस्। यस्तो अवस्थामा त्यो ख्रीष्टियान पति अथवा पत्नी कुनै बन्धनमा रहनेछैन।

**भजनसंग्रह ५१:१०** हे परमेश्वर ममा शुद्ध हृदय सृजनुहोस्।